American Heart Association.

# मेरो Lp(a) सम्बन्धी जोखिम बुझ्ने



आफ्नो अपोइन्टमेन्टमा यो पाना ल्याउनुहोस् र आफ्नो स्वास्थ्य सेवा पेशेवरसँगको कुराकानीलाई मार्गदर्शन गर्न यो प्रयोग गर्नुहोस्।

## Lp(a) बारे बुझ्ने

लिपोप्रोटिन(a) वा Lp(a) भनेको तपाईंको रगतमा कोलेस्ट्रोल बोक्ने लिपोप्रोटिन हो। **तपाईंको स्तर प्रायः वंशानुगत हुन्छ र जब यो उच्च हुन्छ, तब यसले हृदय रोग र स्ट्रोकको जोखिम बढाउन सक्छ**।

**नियमित कोलेस्ट्रोल परीक्षण (लिपिड प्यानल) मा Lp(a) को जाँच गरिँदैन।** तपाईंको स्तर थाहा पाउने एक मात्र तरिका भनेको तपाईंका स्वास्थ्य सेवा पेशेवरद्वारा गराइने साधारण रगत परीक्षण हो।

हालैका दिशानिर्देशहरूले **प्रत्येक वयस्कलाई आफ्नो जीवनकालमा कम्तीमा एक पटक Lp(a) को परीक्षण गराउन सिफारिस गर्दछन्**। तपाईंसँग निम्नलिखित कुरा भएमा परीक्षण विशेष गरी महत्त्वपूर्ण हुन सक्छ:

- ❑ अकाल हृदय रोगको (पुरुषहरूको मामिलामा 55 वर्षमुनि र महिलाहरूको मामिलामा 65 वर्षमुनि) पारिवारिक वा व्यक्तिगत इतिहास
- ❑ उच्च Lp(a) को ज्ञात पारिवारिक इतिहास
- ❑ फ्यामिलियल हाइपरकोलेस्ट्रोलेमिया (FH) को निदान, जुन एक यस्तो वंशानुगत रोग हो जसमा व्यक्तिहरू जन्मँदा नै LDL को स्तर अत्यन्त उच्च हुन सक्छ।

**तपाईंको मुटु रोग र स्ट्रोकको जोखिम Lp(a) मात्र नभई धेरै कारकहरूमा निर्भर गर्दछ। तपाईंका स्वास्थ्य सेवा पेशेवरले तपाईंको Lp(a) स्तरले तपाईंको लागि के अर्थ राख्छ भन्ने कुरा व्याख्या गर्न सक्नुहुन्छ।**

## आफ्नो स्तरबारे बुझ्ने

**मुटु रोग र स्ट्रोकको जोखिमका लागि Lp(a) का दायराहरू**

- **धेरै उच्च** (>250 nmol/L)
- **उच्च** (125-250 nmol/L)
- **मध्यम** (75-124 nmol/L)
- **न्यून** (<75 nmol/L)

*यी दायराहरू जनसंख्या-स्तर अनुमानहरूमा आधारित छन् र व्यक्तिगत जोखिम उमेर र रक्तचाप जस्ता अन्य कारकहरूमा निर्भर रहन्छन्।*

**मेरो Lp(a) स्तर:** _______

- मेरो Lp(a) स्तरले के अर्थ राख्छ?

_______________

_______________

- मेरो Lp(a) स्तर मेरो समग्र स्वास्थ्यसँग कसरी मेल खान्छ?

_______________

_______________

- के मेरो परिवारका सदस्यहरूको पनि परीक्षण गराउनु पर्छ?

_______________

_______________

## आफ्ना विकल्पहरूबारे बुझ्ने

**जीवनशैलीका परिवर्तनहरूले Lp(a) को स्तर कम गर्न सक्दैनन्**, तर तिनीहरूले **तपाईंको हृदय रोगको र स्ट्रोकको समग्र जोखिम भने कम गर्न सक्छन्**।

- के मेरो Lp(a) ले मुटु रोग वा स्ट्रोकको जोखिम बढाउँछ?

_______________

_______________

- आफ्नो जोखिम कम गर्नका लागि म जीवनशैलीमा कस्ता परिवर्तनहरू गर्न सक्छु?

_______________

_______________

- मेरो जोखिम कम गर्न मैले लिनुपर्ने वा लिइरहनुपर्ने औषधिहरू छन् त?

_______________

_______________

- म Lp(a) को बारेमा थप जानकारी कहाँ पाउन सक्छु?

_______________

_______________

_______________

**Lp(a) सम्बन्धी उपयोगी स्रोतहरूको अन्वेषण गर्न heart.org/Lpa (वेबसाइट अङ्ग्रेजीमा छ) मा जानुहोस्।**

© प्रतिलिपि अधिकार 2026 American Heart Association, Inc., a 501(c)(3) गैर-नाफामूलक। सर्वाधिकार सुरक्षित। अनधिकृत प्रयोग गर्न मनाही छ। WF-1319664 3/26